घोडाघोडी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.०९१-४०३०६४

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०१

प्रस्तुत विषयमा यस घोडाघोडी नगरपालिका अर्न्तगतका योजना/प्राविधिक शाखा, स्वास्थ्य तथा सरसफाई शाखा, पशु सेवा शाखा, कृषि सेवा शाखा, रोजगार सेवा केन्द्र लगायत अर्न्तगतका कार्यालयका लागि सेवा करार सम्झौता मार्फत कामकाजमा लगाउने गरी जनशक्ति पदपूर्ती गर्नु पर्ने भएकोले देहायका पदमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका र रित पूर्वक प्राप्त नभएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

१. आवश्यक पदहरु :-

| क्र.सं. | विज्ञापन नं. | सेवाको किसिम | पद | श्रेणी/तह | आवश्यक सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/२०७९-८० | करार | मेडिकल अफिसर | आठौं | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतिर्ण भई NMC नम्बर प्राप्त भएको |
| २ | २/२०७९-८० | करार | स्टाफ नर्स | पाँचौ | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उतिर्ण भई नर्सिङ्ग काउन्सिलमा दर्ता भएको |
| ३ | ३/२०७९-८० | करार | ल्याव टेक्निसियन | पाँचौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव टेक्निसियन तह उत्तिर्ण गरी काउन्सिलमा दर्ता भएको |
| ४ | ४/२०७९-८० | करार | रेडियो ग्राफर | पाँचौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफर विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरी काउन्सिलमा दर्ता भएको |
| ५ | ५/२०७९-८० | करार | फार्मासिस्ट | पाँचौ | १ जना | फार्मेसी कोर्स उत्तिर्ण गरी काउन्सिलमा दर्ता भएको |
| ६ | ६/२०७९-८० | करार | सर्भेक्षक | पाचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तींण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तींण वा विज्ञान (फिजिकल समुह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तींण गरी कम्तिमा एक बर्षको जुनियर नापी तालिम प्राप्त गरेको |
| ७ | ७/२०७९-८० | करार | रोजगार सहायक | पाचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्तीमा ३ महिनाको कम्प्युटर तालिम लिएको |
| ८ | ८/२०७९-८० | करार | अमिन | चौथो | ४ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तींण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तीमा एक बर्षको जुनियर नापी तालिम प्राप्त गरेको |
| ९ | ९/२०७९-८० | करार | अ.न.मी. | चौथो | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. तह उत्तिर्ण गरी काउन्सिलमा दर्ता भएको |
| १० | १०/२०७९-८० | करार | मनोसामाजिक परामर्श कर्ता | चौथो | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको |
| ११ | ११/२०७९-८० | करार | वित्तिय साक्षरता सहजकर्ता | चौथो | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| १२ | १२/२०७९-८० | करार | डार्करुम असिस्टेन्ट | चौथो | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट डार्करुम कोर्स उत्तिर्ण गरी काउन्सिलमा दर्ता भएको |
| १३ | १३/२०७९-८० | करार | ना.प्रा.स. | चौथो | ६ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरी न्यनतम १ वर्षीय जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई T SLC उत्तिर्ण गरेको |
| १४ | १४/२०७९-८० | करार | ना.प.से.प्रा. | चौथो | ६ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरी न्यनतम १ |

दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका

फोन नं.०९१-४०३०६४

# नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | वर्षीय जे.टि.ए. (पशु विज्ञान, पशु स्वास्थ्य, पशुपालन) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु स्वास्थ्य, पशुपालन विषय लिई TSLC उत्तिर्ण गरेको |
| १५ | १५/२०७९-८० | करार | कार्यालय सहयोगी | श्रेणी विहिन | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तिर्ण |
| १६ | १६/२०७९-८० | करार | स्वीपर | श्रेणी विहिन | १ जना | सामान्य लेखपढ गर्न जान्ने |

२) **उमेर** : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

३) **निवेदन बुझाउने स्थान** : घोडाघोडी नगरपालिकाको कार्यालय सुखड, कैलाली ।

४) **निवेदन दिने अन्तिम मिति** : २०७९।०४।१५ गते सम्म । (सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र)

५) **परीक्षाको किसिम** : संक्षिप्त सूची **(Short List) ,** लिखित र अन्तरवार्ता ।

६) **अन्तरवार्ता मिति** : संक्षिप्त सूची **(Short List)** र लिखित परिक्षाको सूचना प्रकाशन भए पश्चात तोकिनेछ ।

७) **सेवासुविधा** : नगरपालिकाको निर्णय अनुसार ।

८) **निवेदन साथ संलग्न गर्नु पर्ने कागजात** : व्यक्तिगत विवरण (**Bio-Data**), : नेपाली नागरिकताको प्रमाणपत्र, पासपोर्ट साईजको १ प्रति फोटो ,निवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कको प्रमाणपत्र, चारीत्रिक प्रमाणपत्र, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्र, परीक्षा दस्तुर बुझाएको सक्कल रसिद ।

९) **निवेदन फारम** : यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१०) **परिक्षा दस्तुर** :

क) आठौ तहको लागि रकम रु. २०००।-

ख) पाचौं तहको लागि रकम रु. ७०० ।- (रोजगार सहायकको हकमा रकम रु. ५००।-)

ग) चौथो तहको लागि रकम रु. ५००।-

घ) श्रेणी विहिनको लागि रकम रु. ३००।-

नोट : आवेदन फाराम नगरपालिकाको वेबसाईट ghodaghodimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा नगरपालिका कार्यालयबाट लिन सकिनेछ ।

दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत